म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २७४ बिहीबार, ७ जेठ २०८३ ने. सं. ११४६ अनलाथ्व 21 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ४५ जनाले गरे रक्तदान



हेटौंडा, ६ जेठ/महालक्ष्मी विकास बैंकले आफ्नो स्थापनाको ३२ औं वार्षिकोत्सवको अवसरमा हेटौंडास्थित बैंक परिसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । बैंकले संस्थागत सामाजिक उत्तर दायित्वअन्तर्गत गरेको रक्तदान कार्यक्रममा ४५ जना रक्तदाताले रक्तदान गरेका थिए । नेपाल रेडक्रस सोसाईटी मकवानपुरको समन्वय र सहकार्यमा कार्यक्रम भएको हो । २०५२ सालमा स्थापित एती फाइनान्स कम्पनी लिमिटेडलाई यती विकास बैंक हुँदै मर्जपछि बनेको महालक्ष्मी बैंकले नेपालमा १ सय ३ शाखाबाट करीब ८ लाख सेवाग्राहीलाई वित्तीय सेवा पुऱ्याइरहेको छ । महालक्ष्मी विकास बैंक लिमिटेड नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त वित्तीय संस्था हो ।

### राष्ट्रिय कुल ग्राहस्थउत्पादनमा ३६.७ प्रतिशत योगदान

# बागमती प्रदेशको अर्थतन्त्र २४ खर्ब नाघ्ने अनुमान

मनिल महतो

हेटौंडा, ६ जेठ/चालू आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेशको कुल ग्राहस्थ्यउत्पादन (जीडीपी) उपभोक्ता मूल्यमा २४ खर्ब २३ अर्ब रुपैयाँ पुग्ने प्रारम्भिक अनुमान गरिएको छ ।

गत आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको कुल ग्राहस्थ्यउत्पादन २२ खर्ब ५६ अर्ब रुपैयाँ रहने संशोधित अनुमान गरिएको थियो । राष्ट्रिय तथ्यांक कार्यालयले बुधबार हेटौंडामा सार्वजनिक गरेको प्रादेशिक लेखा तथ्यांकअनुसार राष्ट्रिय कुल ग्राहस्थ्य उत्पादनमा बागमती प्रदेशको योगदान ३६ दशमलव ७ प्रतिशत रहने अनुमान गरिएको छ । गत आर्थिक वर्षमा यो योगदान ३६ दशमलव ४ प्रतिशत रहेको थियो । तथ्यांकले देशकै अर्थतन्त्रको करिब एकतिहाइ हिस्सा बागमती प्रदेशले ओगटेको देखाएको छ । चालू आर्थिक वर्षमा राष्ट्रिय कुल ग्राहस्थ्यउत्पादन ६६ खर्ब रुपैयाँ पुग्ने अनुमान गरिएको छ ।

प्रदेशगत योगदानअनुसार कोशी प्रदेशले राष्ट्रिय अर्थतन्त्रमा १५ दशमलव ८ प्रतिशत अर्थात् करिब १० खर्ब रुपैयाँ योगदान गर्ने अनुमान गरिएको छ । लुम्बिनी प्रदेशको योगदान ९ खर्ब ३७ अर्ब अर्थात् १४ दशमलव २ प्रतिशत, मधेश प्रदेशको ८ खर्ब ४३ अर्ब अर्थात् १३ दशमलव १ प्रतिशत, गण्डकी प्रदेशको ५ खर्ब ९३ अर्ब तथा सुदूरपश्चिम प्रदेशको ४ खर्ब ६४ अर्ब रुपैयाँ रहने प्रक्षेपण गरिएको छ । सबैभन्दा कम योगदान कर्णाली प्रदेशको रहने अनुमान गरिएको राष्ट्रिय तथ्यांक कार्यालयका निर्देशक ऋषिराम सिग्देलले जानकारी दिएका छन् । कर्णालीमा २ खर्ब ७७ अर्ब रुपैयाँ अर्थात् ४ दशमलव २ प्रतिशत योगदान रहने तथ्यांकमा उल्लेख छ । स्थिरमूल्यमा मापन गरिएको प्रदेशगत कुल ग्राहस्थ्यउत्पादन वृद्धिदरमध्ये सबैभन्दा उच्चवृद्धि बागमती प्रदेशमा देखिएको छ ।

**बागमती र गण्डकी राष्ट्रिय औसतभन्दा माथि, मधेश कमजोर**

चालु आर्थिक वर्ष २०८२/८३ मा बागमती र गण्डकी प्रदेशको अर्थतन्त्र विस्तार राष्ट्रिय औसतभन्दा राम्रो हुने देखिएको छ । चालु आर्थिक वर्षमा बागमतीको आर्थिक वृद्धिदर सबैभन्दा धेरै ५ दशमलब ४० प्रतिशत बराबर हुनेछ । गत आर्थिक वर्षमा यो वृद्धिदर ५ दशमलव २९ प्रतिशत रहने संशोधित अनुमान गरिएको थियो । गण्डकीको ५ दशमलब ०१ प्रतिशत हाराहारी हुनेछ । चालु आर्थिक वर्षमा राष्ट्रिय कुल ग्राहस्थ उत्पादन वार्षिक वृद्धिदर ३ दशमलब ८५ प्रतिशत हुने प्रारम्भिक अनुमान छ ।

सोही आधारमा राष्ट्रिय औसतको तुलनामा बागमती र गण्डकीको आर्थिक वृद्धिदर राम्रो हुने देखिएको छ । अन्य प्रदेशमध्ये सबैभन्दा कमजोर आर्थिक वृद्धिदर मधेशको हुने निर्देशक सिग्देलले जानकारी दिए । मधेशको १ दशमलब ३१ प्रतिशतमात्र आर्थिक वृद्धि हुनेछ । यसबाहेक कोशीको ३ दशमलब १३, लुम्बिनीको २ दशमलब ८७, कर्णालीको २ दशमलब ९४ र सुदूरपश्चिम प्रदेशको ३ दशमलब २८ प्रतिशत आर्थिक वृद्धिदर हुने अनुमान कार्यालयको छ । यसवर्ष कोशी, बागमती, गण्डकी र सुदूरपश्चिमको आर्थिक वृद्धिदर अंक गत आवको



तुलनामा सुधार भएको देखिन्छ । कोशीको गतवर्षको वृद्धिदर २.७२ प्रतिशत रहेकोमा अहिले ३.१३ प्रतिशत छ ।

मधेशको गतवर्ष ४.४३ प्रतिशत रहेकोमा अहिले १.३१ प्रतिशतमात्र भएको छ । बागमतीको गतवर्ष ५.२९ प्रतिशत वृद्धि भएकोमा

भएको छ । सुदूरपश्चिमको गतवर्ष ३.२१ प्रतिशतको वृद्धि रहेकोमा अहिले सामान्य बढेर ३.२८ प्रतिशत भएको अनुमान कार्यालयको छ ।

**बागमतीबाहेक सबै प्रदेशमा कृषि योगदान बढी**

औद्योगिक वर्गीकरण अनुसार बागमती बाहेक अन्य सबै

२२ दशमलव ८८ प्रतिशत रहने अनुमान गरिएको छ भने सार्वजनिक प्रशासन तथा रक्षाक्षेत्रमा सबैभन्दा कम, ० दशमलव ६१ प्रतिशत वृद्धि हुने अनुमान गरिएको छ । गत आर्थिक वर्षमा खानी तथा उत्खनन क्षेत्रको वृद्धि सबैभन्दा न्यून रहेको संशोधित अनुमान छ । प्रदेशमा

हुने अनुमान कार्यालयको छ ।

बागतमीको प्रतिव्यक्ति आय २ हजार ६ सय ४४ डलर हुने अनुमान कार्यालयको छ । गण्डकी १ हजार ६ सय ५१, कोशी १ हजार ४ सय १०, लुम्बिनी १ हजार २ सय ८, सुदूरपश्चिम १ हजार १ सय ७०, कर्णाली १ हजार १ सय ८ र मधेशको प्रतिव्यक्ति आय ९ सय ३४ डलर हुने अनुमान सार्वजनिक गरिएको छ ।

प्रादेशिक लेखा अनुमान आर्थिक वर्षको पहिलो ६ देखि ८ महिनासम्म उपलब्ध आँकडा तथा सूचनाको आधारमा बाँकी अवधिमा आर्थिक गतिविधि सामान्य रहने अपेक्षासहित तथ्यांकीय विधिबाट तयार गरिने राष्ट्रिय तथ्यांक कार्यालयले जनाएको छ । मकवानपुरस्थित तथ्यांक कार्यालयका प्रमुख देवेन्द्रलाल कारञ्जितको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयका उपसचिव दीपेन्द्रकुमार झा प्रमुखअतिथि रहेका थिए ।

# १० महिनामा २ हजार ७३७ केजी गाँजा बरामद

साझाकुरा संवाददाता



हेटौंडा, ६ जेठ/जिल्ला प्रहरी कार्यालय मकवानपुरले चालु आर्थिक वर्षको साउनदेखि वैशाख मसान्तसम्मको १० महिनाको प्रगतिविवरण सार्वजनिक गरेको छ ।

बुधबार पत्रकार सम्मेलन मार्फत कार्यालयले यो अवधिमा गरेका गतिविधि तथा कामकारबाहीको विवरण सार्वजनिक गरिएको हो । प्रहरीप्रमुख प्रहरीउपरीक्षक श्याम बहादुर खत्रीले सार्वजनिक गरेको तथ्यांकअनुसार १० महिनाको अवधिमा प्रहरीले २ हजार ७ सय ३७ किलोग्राम लागूऔषध गाँजा बरामद गरेको हो । यसअवधिमा १ सय २१ किलो ४ सय ३० ग्राम चरेश, २८ किलो अफिम तथा २ सय ७ ग्राम खैरोहेरोइन बरामद गरिएको प्रहरीले जनाएको छ । त्यसैगरी प्रहरीले २७ हजार ६ सय ३१ क्याप्सुल ट्रामाडोल बरामद गरेको छ ।

लागूऔषध ओसारपसारमा संलग्न ३ सय ६ जनालाई पक्राउ गरिएको तथा प्रयोग भएका ३४ वटा सवारीसाधन नियन्त्रणमा लिइएको जानकारी दिइएको छ । घरेलुमदिरा नियन्त्रण अभियानअन्तर्गत कारबाही, जरिवाना तथा कैदमार्फत् प्रहरीले ४४ लाख ३९ हजार रुपैयाँ राजश्व संकलन गरेको जनाएको छ । यस्तै २२ लाख २६ हजार रुपैयाँ बराबरका भन्सारछलीका सामग्री बरामद गरिएको प्रहरीप्रमुख खत्रीले जानकारी दिएका छन् । साउनदेखि वैशाखसम्म मकवानपुरमा ९२ वटा मोटरसाइकल चोरी भएकोमा प्रहरीले १६ वटा मोटरसाइकल फेला पारी सम्बन्धित धनीलाई बुझाएको छ । नदीजन्य पदार्थको अवैध उत्खनन नियन्त्रण अन्तर्गत प्रहरीले हालसम्म एउटा स्काभेटर, २० वटा टिपर र १ सय १ वटा ट्याक्टरमाथि कारबाही गरेको छ । ती सवारीसाधनबाट ९ लाख ७३ हजार रुपैयाँ जरिवाना असुल गरिएको प्रहरीले जनाएको छ ।

मादकपदार्थ सेवन गरी सवारी चलाउने ४ सय जनामाथि कारबाही गर्दा २ लाख ५२ हजार रुपैयाँ राजश्व संकलन गरिएको छ । लागूऔषध सेवन गरी सवारी चलाउने ३१ जनाविरुद्ध मुद्दा दर्ता गरिएको प्रहरीले जनाएको छ । प्रविधिको विकाससँगै मकवानपुरमा साइबर अपराधका घटना पनि बढ्दै गएको तथ्यांकले देखाएको छ । साउनदेखि वैशाखसम्म २ सय ५५ वटा अनलाइन ठगी तथा स्क्यामसम्बन्धी घटनादर्ता भएका छन् । यसअवधिमा फेसबुक ह्याकका १६, फेक फेसबुक आइडीका १९ तथा टिकटक लगायत सामाजिक सञ्जालमार्फत् भएका १५ वटा अपराधका घटनादर्ता भएको प्रहरीले जनाएको छ ।

त्यसैगरी हराएका तथा चोरी भएका ५ सय ८१ मोवाइलमध्ये १ सय ५ वटा मोवाइल फेला पारिएको छ । घरेलुहिंसाका ४ सय ७ वटा घटनादर्ता भएकोमा ३ सय २८ वटा मिलापत्र गरिएको प्रहरीले जनाएको छ । ३४ वटा घटनालाई सम्बन्धित निकायमा पठाइएको तथा १७ वटा घटनाको फर्स्योट हुन बाँकी रहेको जानकारी दिइएको छ । समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत प्रहरीले ७ सय ९ वटा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरेको जनाइएको छ ।






साझाकुरा

## हाम्रो कुरा

# थाहामा आलुकै दालभात, तरकारी

मकवानपुरको थाहा नगरका किसानले उत्पादन गरेको आलु प्रतिकेजी १० रुपैयाँमा पनि बिक्री हुन नसक्नु केवल एउटा स्थानीय समस्या होइन, यो समग्र नेपाली कृषिप्रणालीको बेथिति र चरम संकटको संकेत हो । बजार नपाएर घरमै आलु थन्किनु, किसानले दिनहुँ आलुकै दालभात, आलुकै तरकारी र आलुकै अचार खान बाध्य हुनु भनेको उत्पादनको अभाव होइन, बजार, नीति र व्यवस्थापनको असफलता हो । यस्तो पीडा किसानले मात्र होइन, राज्यले पनि महसुस गर्नुपर्ने समय आएको छ । थाहा नगरपालिका आलु उत्पादनका हिसाबले मकवानपुर जिल्लाकै महत्वपूर्ण क्षेत्र मानिन्छ । यहाँका किसानले आधुनिकप्रविधि अपनाएर, ऋण काढेर, मल-बीउको महँगो मूल्य तिरेर उत्पादन गरेका छन् । तर, उत्पादन गर्नु नै किसानको सफलताको मापदण्ड हुन सकेको छैन । जब बजारले मूल्य दिनसक्दैन, तब उत्पादन किसानका लागि वरदान होइन, बोझ बन्छ । प्रतिकेजी १० रुपैयाँमा पनि आलु नबिक्नु भनेको किसानको श्रम, लगानी र आशाको मूल्य शून्य हुनु हो ।

मकवानपुरे सांसद प्रशान्त उप्रेतीले संसदमा यो विषय उठाएका छन् । यो अवस्था कसरी आयो ? राज्यको कृषिनीतिले कुन क्षेत्रमा कति उत्पादन आवश्यक छ भन्ने वैज्ञानिक आधारमा योजना बनाउन सकेको छैन । बजार संरचनाको कमजोरीका कारण हाम्रा किसानले दुखमात्र पाएका छन् । किसान र उपभोक्ताबीचका बिचौलिया हाबी छन् तर, किसानले उत्पादन बेच्ने सुनिश्चित संयन्त्र छैन । भण्डारण र प्रशोधनको अभाव छ । आलु जस्तो वस्तु भण्डारण, चिप्स, पाउडर, स्टार्चजस्ता प्रशोधित सामग्रीमा रुपान्तरण गर्न सकिने हुँदाहुँदै पनि स्थानीय तहमा त्यस्तो पूर्वाधार छैन ।

स्थानीय सकारलाई यो विषयमा सोच्ने फुर्सद पनि छैन । यो पीडा कसले बुझिदिने ? तीनै तहका सरकारसँग स्थानीयको आक्रोश छ । स्थानीय सरकारले किसानसँग प्रत्यक्ष जोडिएर उत्पादन संकलन केन्द्र, सहकारीमार्फत् न्यूनतम समर्थन मूल्य सुनिश्चित गर्ने पहल गर्नुपर्छ । नगरपालिकाले विद्यालय, अस्पताल, सरकारी कार्यालयमा प्रयोग हुने आलु स्थानीय किसानबाट खरिद गर्ने नीति तुरुन्त लागू गर्न सक्छ । प्रदेश सरकारले शीतभण्डार (कोल्ड स्टोरेज), प्रशोधन उद्योग स्थापना र बजार सञ्जाल विस्तारमा लगानी गर्नुपर्छ । किसानले उत्पादन गरेपछि तत्काल बिक्री नहुनु ठूलो समस्या होइन तर, सुरक्षित भण्डारण नहुनु ठूलो विफलता हो । संघीय सरकारले भने दीर्घकालीन दृष्टिकोण अपनाउनैपर्छ । आयात-निर्यात नीति, मूल्यस्थिरीकरण कोष, बीमाप्रणाली र कृषिबजार सूचनाप्रणाली प्रभावकारी बनाउनुपर्छ । सस्तो आयातले स्वदेशी उत्पादनलाई मार्ने अवस्था रोक्न नीतिगत हस्तक्षेप आवश्यक छ । आज थाहानगरका किसान आलुकै परिकार खान बाध्य भएका छन् भने भोलि यही अवस्था अरु जिल्लामा पनि दोहोरिन सक्छ । किसान निराश भएर कृषि छाड्न थाले भने खाद्यसुरक्षा, रोजगारी र ग्रामीण अर्थतन्त्र सबै चौपट हुनसक्छ । त्यसैले यो समस्या कुनै एक नगर वा जिल्लाको मात्र होइन, राष्ट्रिय चासोको विषय हो ।

किसानले दया होइन, न्यायपूर्ण मूल्य र सुनिश्चित बजार चाहेका हुन् । खेतमा पसिना बगाउने किसानको पीडा सुन्न नसक्ने राज्यले समृद्धिको सपना देख्नु बेकार हुनेछ । थाहानगरका आलु किसानको आवाजलाई बेवास्ता गर्नु भनेको भोलिको कृषि संकटलाई निम्त्याउनु हो । अब पनि तीन तहका सरकार सचेत भएनन् भने, आलु मात्रै होइन, किसानको आशा पनि कुहिनेछ । थाहानगरमा निर्माण गरेको शतिभण्डार तत्काल संचालनमा ल्याउने, किसानले उत्पादन गरेको आलुलाई चिप्स बनाएर बजारमा ल्याउने वातावरण तयार गर्न स्थानीय सरकारले तत्काल योजना बनाउनै पर्छ । थाहानगरमा १० र पैयाँ प्रतिकेजी बिक्री भइरहेको आलु हेटौंडा वा काठमाडौंको भान्सामा पुग्दा किन ४० रुपैयाँ तिर्नुपर्छ ? किसानले सस्तोमा बेच्दा उपभोक्ताले पनि सस्तैमा उपभोग गर्न पाएको भए चित्त बुझाउने ठाउँ हुन्थ्यो । थाहानगरका आलुखेती गर्ने किसानलाई नेपाली समाजमा चलेको उखान 'न बाच्छाको मुखमा न माउको थुनमा' भने झैं भएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ जेठ ८ गते शुक्रबार २२ मे २०२६ । षष्ठी, जेठ शुक्लपक्ष । अनलाथ्व ११४६ ने.सं. । सूर्योदय ५:१४ सूर्यास्त ६:४९। अन्तर्राष्ट्रिय जैविक विविधता दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मनोरञ्जन प्राप्त हुनेछ | तुला | : मनमा निरासा उत्पन्न हुनेछ |
| वृष | : व्यापारबाट लाभ मिल्नेछ | वृश्चिक | : समयले साथ दिनेछ |
| मिथुन | : स्वास्थ्योपचारमा खर्च हुनेछ | धनु | : रमाइलोमा दिन बित्नेछ |
| कर्कट | : मानसिक असन्तुष्टि बढ्नेछ | मकर | : जोश जागर आउनेछ |
| सिंह | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | कुम्भ | : समयले साथ दिनेछ |
| कन्या | : काम अपुरै रहने देखिन्छ | मीन | : राम्रो समाचार सुन्न पाइनेछ |

# राज्य सञ्चालनमा अनुभव र विचारको सन्तुलन



✍ गणेश अम्गाई

यसपटक पनि वैशाख ११ आयो-गयो । अघिल्ला वर्ष जस्तो यस वर्ष यो दिनको खास चर्चा भएन । नेपालको लोकतान्त्रिक इतिहासमा वैशाख ११ एउटा महत्त्वपूर्ण मोड हो, जसले जनताको शक्तिलाई स्थापित गऱ्यो । यसै लोकतान्त्रिक खुलापनको जगमा आज राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जस्ता नयाँ शक्तिहरू उदाएका छन् । रास्वपामा युवा नेतृत्वको जोस र जाँगर प्रशंसनीय छ, तर राज्य सञ्चालन एउटा यस्तो जटिल प्रक्रिया हो जहाँ केवल जोसले मात्र पुग्दैन, अनुभवको ठूलो महत्व हुन्छ । पर राष्ट्र नीति, अर्थतन्त्र, सुरक्षा र न्याय जस्ता संवेदनशील क्षेत्रमा "ट्रायल एण्ड एरर" गर्ने छुट कसैलाई हुँदैन । यहाँ हुने एउटै सानो गल्तीले सरकार मात्र नभई सिङ्गो राज्य नै सङ्कटमा पर्न सक्छ । त्यसैले, भावनामा बगेर भन्दा पनि परिपक्व रणनीति र विज्ञताको आधारमा अगाडि बढ्नुपर्ने बेला आएको छ ।

युवा नेतृत्व निर्वाचन मार्फत संसद् र सरकारमा पुग्नु परिवर्तनको संकेत हो । तर, राज्य संयन्त्रका आफ्नै जटिलता र 'ब्युरोक्रेटिक' संरचनाहरू हुन्छन् । ती संरचनालाई बुझेका र दशकौंसम्म राज्यको सेवा गरेका अनुभवी व्यक्तिहरूको साथ विना सोचेको परिणाम प्राप्त गर्न कठिन हुन्छ । त्यसैले, पार्टीले आफूलाई केवल एक राजनीतिक दलका रूपमा मात्र नभई, एक जिम्मेवार शक्तिका रूपमा स्थापित गर्न आफ्नो कार्यशैलीमा व्यापक सुधार र विज्ञहरूको संलग्नतालाई अनिवार्य बनाउनुपर्छ । डिजिटल युगको कुरा गरिरहँदा नागरिक र सरकार बीचको दूरी मेटाउन प्रविधिको उच्चतम प्रयोग गर्दै सुशासनको नयाँ नमूना पेश गर्न ढिला भइसकेको छ ।

अहिलेको भू-राजनीतिक अस्थिरता र आर्थिक शिथिलताका बीच साना देखिने निर्णयले पनि ठूलो प्रभाव पारिरहेका छन् । चाहे त्यो भन्सार नीति होस् वा विद्यार्थी संगठनको व्यवस्थापन, हरेक कदम चाल्नुअघि त्यसको दीर्घकालीन असर र जनमानसको मनोविज्ञानलाई बुझ्न जरूरी छ । लोकप्रियतावादको पछि लागेर भन्दा पनि यथार्थपरक धरातलमा उभिएर काम गर्नुपर्छ । नतिजामुखी काम गरेर देखाउने समयमा हतारमा गरिने निर्णयले दुर्घटना निम्त्याउन सक्ने हुनाले, गहिरो अध्ययन र अनुसन्धानका आधारमा नीतिगत सुधारमा लाग्नु नै पार्टी र देश दुवैको हितमा हुनेछ ।

**सरकार र पार्टी चलाउन सल्लाहकार समिति**

सरकार र पार्टी सञ्चालन दुई भिन्न पाटा हुन् । सरकार चलाउन प्रशासनिक, सुरक्षा र कूटनीतिक अनुभव चाहिन्छ भने पार्टी चलाउन विचार, दर्शन र रणनीति । त्यसैले, रास्वपाले तत्काल दुईवटा उच्चस्तरीय सल्लाहकार समिति गठन गर्नुपर्छ । सरकार सञ्चालनका लागि पूर्व प्रधानन्यायाधीश, पूर्व मुख्य सचिव, नेपाली सेनाका पूर्व प्रधानसेनापति, पूर्व प्रहरी प्रमुख, अनुभवी कूटनीतिज्ञ र वरिष्ठ अर्थशास्त्रीहरू सम्मिलित एउटा संयन्त्र बनाउनुपर्छ । यो समितिले मन्त्रीहरूलाई नीतिगत निर्णय लिनुअघि त्यसको कानूनी, सुरक्षात्मक र अन्तर्राष्ट्रिय असरबारे सुझाव दिनेछ, जसले गर्दा सरकारले कुनै पनि अपरिपक्व निर्णय नगरोस् । यस्तो समितिले राज्य सञ्चालनमा संवैधानिक सर्वोच्चता, विधिको शासन र शक्ति पृथकीकरण जस्ता लोकतान्त्रिक मूल्यहरूलाई जीवन्त राख्न मद्दत पुऱ्याउँछ ।

अर्कोतर्फ, पार्टी सञ्चालनका लागि विषयगत विज्ञहरू, राजनीतिक दार्शनिक, रणनीतिक चिन्तक र विश्वविद्यालयका प्राज्ञिक व्यक्तित्वहरू सम्मिलित एउटा 'थिङ्क ट्याङ्क' आवश्यक छ । यो समितिले पार्टीको विचारधारालाई स्पष्ट पार्ने, नीतिहरू तय गर्ने र समाजका जल्दाबल्दा मुद्दाहरूमा गहन मन्थन गर्ने काम गर्नुपर्छ । पार्टीभित्र केवल निर्वाचन जितेका व्यक्तिहरूको मात्र दबदबा हुनुहुँदैनह बौद्धिक वर्गलाई उचित स्थान र सम्मान दिंदा मात्र पार्टीको गरिमा बढ्छ । अनुभवी र विज्ञहरूको यो संयोजनले युवा नेतृत्वलाई मार्गनिर्देशन गर्नेछ र राज्य संयन्त्रमा उनीहरूको पकड बलियो बनाउनेछ । पार्टी सञ्चालन गर्दा बहुलवाद, समावेशिता र अल्पसंख्यकको अधिकारलाई केन्द्रमा राखी सहमति र सहकार्यको संस्कृति विकास गर्नु आजको आवश्यकता हो ।

यहाँ धेरैजसो नेता-कार्यकर्ता अन्य दलबाट आएका वा नयाँ सोच भएका छन् । यस्तो अवस्थामा "हामी अरू भन्दा फरक छौं" भन्ने कुरा शब्दले भन्दा पनि निर्णय र नतिजाले प्रमाणित गर्नुपर्छ । अनुभवीहरूको सल्लाह लिंदा कमजोर हुँदैन, बरु थप शक्तिशाली र परिपक्व बन्छ । राज्यका विभिन्न अङ्ग कसरी सञ्चालन हुन्छन् भन्ने कुराको ज्ञान विना गरिएको सुधार प्रयास 'हल्ला' मा मात्र सीमित हुन सक्छ । त्यसैले, विज्ञता र अनुभवको जगमा उभिएर मात्र सुशासनको जग बसाल्न सकिन्छ । सल्लाहकार समितिको काम केवल नामका लागि मात्र हुनुहुँदैन । उनीहरूसँग नियमित बैठक, छलफल र सुझाव लिने संयन्त्रको विकास गरिनुपर्छ ।

मन्त्री र पार्टी नेतृत्वले कुनै पनि महत्त्वपूर्ण दस्तावेज वा नीति सार्वजनिक गर्नुअघि यी समितिहरूसँग परामर्श गर्ने अनिवार्य व्यवस्था हुनुपर्छ । यसले नेतृत्वलाई सम्भावित गल्तीहरूबाट जोगाउनेछ र जनताको नजरमा पार्टीको विश्वसनीयतालाई थप मजबुत बनाउनेछ । एउटा परिपक्व राजनीतिक दलले सधैं आफूलाई सिक्ने र सुधार गर्ने प्रक्रियामा राखिरहनुपर्छ ।

**डिजिटल पारदर्शिता र नागरिक पहुँचको सुदृढीकरण**

आजको युग डिजिटल ट्रान्सपरेन्सीको हो, तर विडम्बना अझै पनि एउटा सामान्य नागरिकले मन्त्री वा सचिवलाई भेट्न सिंहदरबारको गेटमा घण्टौं कुर्नु र 'पास' का लागि सोर्सफोर्स लगाउनुपर्ने अवस्था छ । यो 'गेटपास' प्रणाली आम नागरिकका लागि फलामको चिउरा सरह भएको छ । रास्वपाले यो प्रथाको अन्त्य गर्नुपर्छ । सिंहदरबारको पर्खाल नाघेर आउन सक्ने आफ्ना निकटका व्यक्तिहरू मात्रै होइन, दूरदराजका जनताको आवाज पनि सिधै मन्त्रालयसम्म पुग्ने संयन्त्र बनाउनुपर्छ । यसका लागि पुराना "हेलो सरकार" जस्ता प्रणाली भन्दा धेरै गुणा एड्भान्स 'मोबाइल एप' हरू हरेक मन्त्रालयमा विकास गर्नुपर्छ । यसले उत्तरदायित्व र पारदर्शिता मात्र बढाउँदैन, नागरिक सर्वोच्चतालाई समेत सम्मान गर्छ ।

हरेक मन्त्रालयको छुट्टाछुट्टै एप हुनुपर्छ जहाँ नागरिकले आफ्ना गुनासो, सुझाव र समस्या सिधै पठाउन सकुन् । ती एपमा आएका कमेन्ट र गुनासोहरूलाई सम्बन्धित मन्त्री र उच्च अधिकारीले सिधै हेर्न सक्ने र सोहीअनुसार प्रतिक्रिया दिने व्यवस्था हुनुपर्छ । यसले गर्दा जनताले सरकार आफ्नै हातमा भएको महसुस गर्नेछन् । पारदर्शिता केवल भाषणमा होइन, व्यवहारमा देखिनुपर्छ । कुन फाइल कहाँ रोकिएको छ, कुन योजनाको काम कति भयो भन्ने कुरा जनताले घरमै बसेर ट्र्याक गर्न पाउने प्रविधिको विकास रास्वपाको प्राथमिकता हुनुपर्छ । यस्तो डिजिटल पहुँचले भ्रष्टाचारमा शून्य सहनशीलताको लक्ष्य हासिल गर्न मद्दत गर्छ र शक्ति विकेन्द्रीकरणको मर्मलाई सार्थक बनाउँछ ।

यसका साथै, सामाजिक सञ्जालको प्रयोगमा पनि परिपक्वता आवश्यक छ । फेसबुक र टिकटकमा भाइरल र 'फलोअर्स' धेरै हुनुलाई मात्र नेतृत्वको योग्यता मान्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ । सामाजिक सञ्जाल दुईधारे तरबार होह यसले जति छिटो माथि पुऱ्याउँछ, त्यति नै छिटो तल पनि खसाल्न सक्छ । नेताहरूको योग्यता उनीहरूको अनुशासन, शिक्षा, अनुभव र समाजप्रतिको समर्पणबाट मापन गरिनुपर्छ । टिकटकमा देखिने सस्तो लोकप्रियता भन्दा ठोस काम र नीतिगत स्पष्टताले नै जनताको मन जित्न सकिन्छ । डिजिटल मिडियालाई सूचना प्रवाहका लागि प्रयोग गर्ने तर त्यसैलाई मात्र राजनीतिको मूल आधार बनाउनु जोखिमपूर्ण हुन सक्छ । वाक् र प्रेस स्वतन्त्रताको सम्मान गर्दै सत्य र तथ्यमा आधारित राजनीतिलाई अगाडि बढाउनुपर्छ । सरकार र नागरिक बीचको दूरीलाई कम गर्ने काम नै वास्तविक लोकतन्त्र र सुशासनको आधार हुनेछ ।

**भू-राजनीति, सामाजिक मुद्दा र कार्यशैलीमा परिपक्वता**

वर्तमान समयमा भू-राजनीतिक अवस्था अत्यन्तै जटिल र अस्थिर छ । विश्वका विभिन्न स्थानमा भइरहेका युद्ध र शक्तिराष्ट्रहरूको खिचातानीको असर नेपालमा पनि प्रत्यक्ष पर्छ । यस्तो अवस्थामा कुनै पनि निर्णय लिंदा छिमेकी राष्ट्रहरूसँगको सम्बन्ध र क्षेत्रीय सन्तुलनलाई ध्यान दिनु अनिवार्य छ । उदाहरणका लागि, भन्सारमा १०० रुपैयाँ भन्दा बढीको सामान ल्याउँदा कर लगाउने निर्णयले सीमावर्ती क्षेत्रका सर्वसाधारणलाई परेको मर्का र त्यसले भारतीय मिडियामा पाएको नकारात्मक चर्चाले हाम्रो कार्यान्वयन पक्षको कमजोरी देखाउँछ । कुनै पनि नीति लागू गर्दा समानता र सामाजिक न्यायलाई बिर्सन मिल्दैन ।

त्यस्तै, विद्यार्थी राजनीति र सुकुमवासी समस्या जस्ता संवेदनशील मुद्दामा पार्टीले निकै सावधानी अपनाउनुपर्छ । विद्यार्थी युनियन खारेज गर्ने कुरा लोकतान्त्रिक मर्म विपरीत हुन सक्छ । विद्यार्थी संगठनमा भएका विकृतिलाई हटाउन नियमन गर्ने नीति ल्याउनुपर्छ, तर संगठन नै सिध्याउने कुराले युवाहरूको राजनीतिक चेतना र हकलाई कुण्ठित गर्छ । शान्तिपूर्ण विरोधको अधिकार र मानव अधिकारको रक्षा लोकतन्त्रका सुन्दर पक्ष हुन् । नकारात्मक पक्षलाई सच्याउने र सकारात्मक पक्षलाई कायम राख्ने 'ट्रिटमेन्ट' नै सही बाटो हो । सुकुमवासी समस्याको हकमा पनि "डोजर" चलाउनुअघि वास्तविक सुकुमवासी र 'हुकुमवासी' बीचको पहिचान हुनुपर्छ । जनतालाई दुःख दिएर बनाइएको बाटो वा शहरको कुनै अर्थ रहँदैन । विकासको नाममा मानवीय संवेदनालाई भुल्नुहुँदैन ।

साथै, 'राइट टु रिकल' को अवधारणालाई पार्टी नेतृत्वले सही ढंगले बुझ्न जरूरी छ । यो शक्ति जनतामा हुनुपर्छ, न कि पार्टीका शीर्ष नेताहरूले कारबाही गर्ने हतियारका रूपमा । जसले जिताएर पठाएको हो, उसैले फिर्ता बोलाउन पाउने पद्धति नै वास्तविक लोकतन्त्र हो । बालिग मताधिकार र आवधिक निर्वाचनबाट चुनिएका प्रतिनिधिहरू सधैं जनताप्रति उत्तरदायी हुनुपर्छ । सरकारसँग काम गर्न प्रशस्त समय बाँकी छ । पहिलो वर्षलाई अध्ययन, अनुसन्धान र समस्याका छिद्रहरू पत्ता लगाउन प्रयोग गरौं । हतारमा काम गरेर लतपत पार्नु भन्दा विस्तारै तर दरिलो पाइला चाल्नु बुद्धिमानी हुनेछ । धेरै छिटो दौड्न खोज्दा दुर्घटनाको डर हुन्छ । रास्वपाले अरू पार्टी जस्तै सत्ताको खेलमा मात्र अलमलिनुहुँदैन, परिणाम मार्फत आफूलाई प्रमाणित गर्नुपर्छ । पार्टीभित्रका योग्य र सक्षम व्यक्तिहरूलाई जिम्मेवारी दिने र पुराना-नयाँको विभेद नगरी सबैलाई समेटेर अगाडि बढ्ने हो भने रास्वपाले देशको भविष्य बदल्न सक्छ ।

अन्त्यमा, राज्य सञ्चालन एउटा गम्भीर जिम्मेवारी हो, जहाँ जोससँगै होसको पनि उत्तिकै आवश्यकता पर्छ । रास्वपाले युवा नेतृत्वको ऊर्जालाई अनुभवी विज्ञहरूको ज्ञानसँग जोडेर एउटा सुदृढ पद्धति निर्माण गर्नुपर्छ । सल्लाहकार समितिहरूको गठन, डिजिटल माध्यमबाट जनतासँगको सिधा सम्पर्क र भू-राजनीतिक एवं सामाजिक मुद्दाहरूमा देखाइने परिपक्वताले नै पार्टीलाई सफल बनाउनेछ । लोकप्रियताको पछि लाग्ने भन्दा पनि दीर्घकालीन नीति र जनसेवामा केन्द्रित हुनु नै आजको आवश्यकता हो । स्वतन्त्र न्यायपालिकाको सम्मान र संवैधानिक सर्वोच्चतालाई कायम राख्दै अगाडि बढ्नुपर्छ । संयमित भएर काम गर्ने हो भने बाँकी रहेका वर्षहरूमा देशमा एउटा ठूलो सकारात्मक परिवर्तन ल्याउन र जनताको भरोसालाई कायम राख्न सकिन्छ ।

*(साभार: अनलाइनखबर)*

# अमेरिका-चीन सम्बन्धको नयाँ मोड र नेपालको चुनौती

✍ दीपक रिजाल

एक्काइसौं शताब्दीको विश्व राजनीति तीव्ररूपमा बदलिँदै गएको छ । शीतयुद्धपछिको एकध्रुवीय विश्व व्यवस्था अब क्रमश: बहुध्रुवीय संरचनातर्फ सर्दै छ । कुनै समय विश्व राजनीति, अर्थतन्त्र र सुरक्षा व्यवस्थाको केन्द्र अमेरिका मात्र थियो । तर अहिले चीन आर्थिक महाशक्तिको रूपमा उभिएको छ । रुस सैन्य तथा रणनीतिक रूपमा पुन: सक्रिय बनेको छ । भारत क्षेत्रीय प्रभाव विस्तारमा तीव्र गतिमा अघि बढिरहेको छ र युरोपेली संघले पनि सामूहिक कूटनीतिक शक्ति बढाउँदै लगेको छ ।

यही बदलिँदो विश्व परिवेशबीच हालै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीन भ्रमणपछि फर्किएलगत्तै ताइवानप्रति अमेरिकी सैन्य सहयोग सीमित गर्ने संकेत दिएका समाचारहरू बाहिर आए । त्यही समयमा ताइवानले स्वतन्त्रतासम्बन्धी आक्रामक अभिव्यक्ति दिएपछि एसिया-प्रशान्त क्षेत्रमा तनाव झन् बढ्ने संकेत देखिएको छ । अमेरिका-चीन सम्बन्धमा प्रतिस्पर्धासँगै 'व्यावहारिक सहकार्य' को नयाँ धारणा विकसित भइरहेका बेला त्यसको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव नेपालजस्ता साना राष्ट्रमा पर्नु स्वाभाविक हो ।

नेपाल अहिले विश्व शक्ति प्रतिस्पर्धाको केन्द्रमा नरहे पनि त्यसको प्रभाव क्षेत्रभित्र स्पष्टरूपमा प्रवेश गरिसकेको छ । अझ महत्वपूर्ण कुरा, नेपालमा पछिल्लो समय अमेरिकी प्रभाव बढ्दै गएको बहस तीव्र छ । कतिपयले वर्तमान सरकारमाथि 'अमेरिकी कठपुतली' भएको आरोप लगाउँछन् भने सरकार यस्ता आरोपप्रति मौन देखिन्छ । यद्यपि यथार्थ केवल अमेरिका वा चीनतर्फ झुकेको भन्ने सरल विश्लेषणमा सीमित छैन । वास्तविक प्रश्न के हो भने, नेपाल आफैं आफ्नो राष्ट्रिय हित, कूटनीतिक क्षमता र रणनीतिक दृष्टिकोणमा कति स्पष्ट छ ? विश्व राजनीति अहिले केवल सैन्य प्रतिस्पर्धामा सीमित छैन । व्यापार, डिजिटल प्रविधि, पूर्वाधार, ऊर्जा, सूचना, साइबर सुरक्षा र सांस्कृतिक प्रभावसमेत नयाँ शक्ति संघर्षका क्षेत्र बनेका छन् । चीनले 'बेल्ट एन्ड रोड इनिसिएटिभ' मार्फत विश्वव्यापी पूर्वाधार सञ्जाल विस्तार गरिरहेको छ ।

अमेरिकाले 'इन्डो-प्यासिफिक रणनीति' मार्फत एसियामा आफ्नो प्रभाव पुन: मजबुत बनाउन खोजिरहेको छ । भारतले 'नेभरहुड फर्स्ट' नीति र कनेक्टिभिटी परियोजनामार्फत क्षेत्रीय नेतृत्व विस्तार गरिरहेको छ । यस्तो अवस्थामा नेपालजस्ता साना राष्ट्रहरू केवल दर्शक होइनन्, रणनीतिक प्रतिस्पर्धाको केन्द्र बन्न थालेका छन् । किनकि बहुध्रुवीय विश्वमा प्रत्येक शक्ति नयाँ साझेदार, नयाँ मार्ग र नयाँ प्रभाव क्षेत्र खोजिरहेको हुन्छ ।

नेपालको भौगोलिक अवस्था यस सन्दर्भमा अत्यन्त महत्वपूर्ण छ । उत्तरमा चीनको तिब्बत स्वायत्त क्षेत्र र दक्षिणमा भारतको गंगा मैदानबीच रहेको नेपाल केवल दुई विशाल शक्तिबीचको 'बफर स्टेट' होइन, यो दक्षिण एसियाली भू-राजनीतिक सन्तुलनको संवेदनशील केन्द्र हो । एक प्रसिद्ध विश्लेषकको भनाइ यहाँ सान्दर्भिक देखिन्छ, 'भूगोलले नेपाललाई महत्वपूर्ण बनायो, तर भूराजनीतिले कमजोर बनायो ।' वास्तवमा नेपालको समस्या भूगोल होइन, आन्तरिक राजनीतिक अस्थिरता र कमजोर रणनीतिक सोच हो । नेपाललाई केवल पहाडी मुलुकका रूपमा बुझ्नु गलत हुनेछ । नेपाल जल-भूराजनीतिक दृष्टिले पनि अत्यन्त महत्वपूर्ण छ । कोशी, गण्डकी र कर्णालीजस्ता नदीहरू हिमालयबाट बगेर भारततर्फ जाने भएकाले भविष्यको 'जल राजनीति' मा नेपालको भूमिका निर्णायक हुन सक्छ ।

आज विश्वमा पानी र ऊर्जा नयाँ शक्ति स्रोत बन्दै गएका छन् । जलवायु परिवर्तनले हिमालयलाई विश्वकै संवेदनशील क्षेत्र बनाएको छ । यस अर्थमा नेपाल केवल सानो राष्ट्र होइन, दक्षिण एसियाको पर्यावरणीय सुरक्षासँग जोडिएको रणनीतिक क्षेत्र हो । तर विडम्बना के छ भने, नेपाल आफ्नो सामर्थ्य बुझ्नुभन्दा बाहृय शक्तिको प्रभावमा प्रतिक्रिया दिनमै सीमित देखिन्छ । नेपालको वर्तमान भूराजनीतिक अवस्था भारत, चीन र अमेरिकाको त्रिकोणीय शक्ति प्रतिस्पर्धाबाट गहिरोसँग प्रभावित छ । भारतका लागि नेपाल केवल छिमेकी राष्ट्र होइन, उसको रणनीतिक सुरक्षा घेराको महत्वपूर्ण हिस्सा हो । खुला सीमा, सांस्कृतिक निकटता, धार्मिक सम्बन्ध र आर्थिक निर्भरता भारतका लागि नेपाललाई विशेष बनाउने तत्व हुन् । तर सन् २०१५ को अघोषित नाकाबन्दी, कालापानी-लिपुलेक विवाद तथा चीनसँग नेपालको बढ्दो निकटताले दुई देशबीच अविश्वास पनि बढाएको छ । भारत अहिले प्रत्यक्ष नियन्त्रणभन्दा पनि पूर्वाधार, ऊर्जा, प्रसारण लाइन, रेलमार्ग र व्यापार सञ्जालमार्फत आफ्नो प्रभाव मजबुत बनाउने रणनीतिमा देखिन्छ ।

चीनको दृष्टिकोण फरक छ । चीनका लागि नेपालको सबैभन्दा संवेदनशील प्रश्न तिब्बतको सुरक्षा हो । नेपालमा कुनै पनि तिब्बती गतिविधि चीनले राष्ट्रिय सुरक्षासँग जोडेर हेर्छ । त्यसैले चीनले नेपाललाई आफ्नो 'पश्चिमी सीमा सुरक्षाको अभिन्न भाग' का रूपमा बुझ्ने गरेको देखिन्छ । चीनले बीआरआई-अन्तर्गत सडक, रेल, ऊर्जा र कनेक्टिभिटी परियोजनामार्फत नेपाललाई भूपरिवेष्टित अवस्थाबाट 'भूपरिवहन-जोडिएको राष्ट्र' बनाउने सपना देखाएको छ । काठमाडौं-केरुङ रेलमार्ग, ट्रान्स-हिमालयन नेटवर्क र डिजिटल कनेक्टिभिटीका अवधारणाहरू त्यही रणनीतिक सोचका हिस्सा हुन् । तर यस्ता परियोजनामा ऋणको सम्भावित बोझ, ढिलाइ र पारदर्शितामाथि प्रश्न पनि उठिरहेका छन् ।

अमेरिकाले भने नेपाललाई लोकतान्त्रिक साझेदार र चीन-भारत सन्तुलनको महत्वपूर्ण विन्दुका रूपमा हेर्ने गरेको छ । एमसीसी परियोजनाले यही बहसलाई अझ तीव्र बनायो । ऊर्जा प्रसारण लाइन र सडक निर्माणका लागि आएको अमेरिकी अनुदानलाई केहीले विकास अवसरका रूपमा लिए भने केहीले यसलाई इन्डो-प्यासिफिक रणनीतिसँग जोडेर शंका गरे । यथार्थमा अमेरिका, चीन र भारत तीनै शक्तिको नेपालप्रति 'हित' छ । तर समस्या तब उत्पन्न हुन्छ, जब नेपाल आफ्नो राष्ट्रिय हितभन्दा बाहृय दबाबअनुसार निर्णय गर्न थाल्छ ।

**अमेरिकी प्रभाव र नेपालको मौन राजनीति :**

नेपालमा पछिल्लो समय अमेरिकी प्रभाव बढेको चर्चा व्यापक छ । राजनीतिक दल, नागरिक समाज, गैरसरकारी संस्था, मानव अधिकार बहस, सुरक्षा सहकार्य र विकास परियोजनामार्फत अमेरिकाको उपस्थिति विस्तार भएको देखिन्छ । कतिपय राजनीतिक वृत्तमा वर्तमान सरकारमाथि 'अमेरिकी लाइन' मा चलेको आरोप लाग्ने गरेको छ । तर सरकार प्राय: यस्ता आरोपप्रति स्पष्ट धारणा सार्वजनिक गर्न चाहँदैन । यस मौनताले झन् शंका बढाउने काम गर्छ । तर यहाँ एउटा महत्वपूर्ण कुरा बुझ्न आवश्यक छ, विश्व राजनीतिमा कुनै पनि शक्ति राष्ट्र नि:स्वार्थ हुँदैन । अमेरिका होस्, चीन होस् वा भारत सबैले आफ्नै राष्ट्रिय हित हेर्छन् । त्यसैले नेपालको प्राथमिकता पनि 'कसलाई खुशी बनाउने ?' होइन, 'नेपाललाई कसरी सुरक्षित र समृद्ध बनाउने ?' भन्ने हुनुपर्छ ।

तिब्बत र ताइवान अहिले चीनको राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष जोडिएका संवेदनशील विषय हुन् । यदि अमेरिका-चीन सम्बन्ध पुन: तनावपूर्ण दिशामा गयो भने त्यसको प्रभाव नेपालमा अवश्य पर्न सक्छ । तिब्बती शरणार्थी गतिविधि, मानवअधिकार बहस, अन्तर्राष्ट्रिय दबाब र कूटनीतिक सन्तुलनका प्रश्न झन् जटिल बन्न सक्छन् । नेपालले 'एक चीन नीति' अवलम्बन गर्दै आएको छ । तर पश्चिमी मुलुकहरूले तिब्बती स्वतन्त्रता र मानवअधिकारलाई अलग दृष्टिकोणबाट हेर्छन् । यही सन्तुलन नै नेपालको सबैभन्दा कठिन कूटनीतिक परीक्षा हो । भविष्यमा दलाई लामाको उत्तराधिकारीको प्रश्नले यो विषयलाई अझ संवेदनशील बनाउने सम्भावना छ ।

विश्व राजनीतिले सिकाएको एउटा कठोर सत्य छ, बाहृय शक्तिहरूले प्रभाव जमाउने सबैभन्दा सजिलो ठाउँ कमजोर राज्य संरचना भएको देश हो । नेपालको अवस्था पनि त्यही दिशामा देखिन्छ । सरकार परिवर्तनको निरन्तर चक्र, संस्थागत कमजोरी, भ्रष्टाचार, नीतिगत अस्थिरता, प्रशासनिक अक्षमता र राजनीतिक स्वार्थले नेपाललाई रणनीतिक रूपमा कमजोर बनाएको छ । सन् २००८ पछि नेपालमा दर्जनौं सरकार परिवर्तन भए । कुनै पनि सरकारले दीर्घकालीन रणनीतिक दृष्टिकोणका साथ परराष्ट्र नीति सञ्चालन गर्न सकेन । परिणामत: हरेक सरकारसँग विदेशी शक्तिको निकटता वा प्रभावको आरोप जोडिने अवस्था बन्यो । जब राज्यभित्र आत्मविश्वास कमजोर हुन्छ, तब बाहृय शक्तिहरूको प्रभाव स्वाभाविक रूपमा बढ्छ ।

नेपालका लागि सबैभन्दा व्यावहारिक विकल्प 'रणनीतिक सन्तुलन' हो । नेपालले न त पूर्णरूपमा कुनै एक शक्तितर्फ झुक्न सक्छ, न त पूर्ण तटस्थताको विलासी नीति अपनाउन सक्छ । भारतसँग ऐतिहासिक, सांस्कृतिक र आर्थिक सम्बन्ध गहिरो छ । चीनसँग भविष्यको व्यापार, पूर्वाधार र रणनीतिक अवसर जोडिएका छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

### महालेखापरीक्षकको वार्षिक प्रतिवेदन प्रदेशप्रमुखसमक्ष पेश

# बागमती प्रदेशको बेरुजुरकम पाँच अर्बभन्दा बढी

साझाकुरा संवाददाता

हेटौंडा, ५ जेठ/ बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटासमक्ष बागमती प्रदेशको महालेखापरीक्षकको आठौँ वार्षिक प्रतिवेदन २०८३ पेस गरिएको छ । महालेखापरीक्षण कार्यालयका नायवमहालेखापरीक्षक घनश्याम काफ्लेले प्रतिवेदन पेस गरेका हुन् ।

गत आर्थिक वर्ष २०८१/८२ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरेर तयार पारिएको आठौँ वार्षिक प्रतिवेदन २०८३ को प्रदेशप्रमुख सचिवालयमा पनि दर्ता गरिएको प्रदेशप्रमुख सचिवालयका शाखाअधिकृत नीशा न्यौपानेले बताइन् । बागमती प्रदेशको आर्थिक वर्ष २०८१/८२ को बेरुजु रकम आर्थिक वर्ष २०८०/८१ को तुलनामा घटेको छ । महालेखा परीक्षकको कार्यालयले गरेको बागमती प्रदेशको मन्त्रालय तथा निकायको लेखापरीक्षणअनुसार यस प्रदेशको आर्थिक वर्ष २०८०/८१ को बेरुजुरकम ८५ करोड १७ लाख ८२ हजार रुपैयाँ रहेकामा आर्थिक वर्ष २०८१/८२ को बेरुजुरकम ६९ करोड ३७ लाख ९४ हजार रुपैयाँमा झरेको छ ।



तर, बजेटको प्रभावकारी कार्यान्वयनको अभाव, प्रदेशले आफैंले बनाएको कानुन र सार्वजनिक खरिद ऐन विपरीत तथा रीत नपुऱ्याई खर्च गर्ने प्रदेशका मन्त्रालय र निकायको प्रवृत्तिले निरन्तरता पाउँदा यस प्रदेशको कूल बेरुजु रकम भने वर्षेनी बढ्दो छ । महालेखापरीक्षकको कार्यालयले गरेको लेखापरीक्षणबाट हालसम्म कूल बेरुजु बढ्दै गएको तथ्यांक छ । महालेखापरीक्षकको कार्यालयले सार्वजनिक प्रतिवेदनमा आर्थिक वर्ष २०८१/८२ सम्ममा कुल बेरुजुरकम पाँच अर्ब २८ करोड छ लाख ९४ हजार रुपैयाँ पुगेको उल्लेख छ । महालेखापरीक्षकको कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/८१ सम्ममा कुल बेरुजुरकम चार अर्ब ८६ करोड ८९ लाख ६६ हजार रुपैयाँ पुगेको थियो ।

आर्थिक वर्ष २०८१/८२ मा सम्परीक्षणपछि चार अर्ब ५८ करोड ६९ लाख रुपैयाँ कूल बेरुजु रहेकोमा सोही आर्थिक वर्षमा ६९ करोड ३७ लाख ९४ हजार रुपैयाँ थपिएर कूल बेरुजुरकम पाँच अर्ब २८ करोड छ लाख ९४ हजार रुपैयाँ पुगेको हो । महालेखापरीक्षकको ६१ औँ प्रतिवेदनसम्म बागमती प्रदेशको कुल बेरुजुरकम चार अर्ब २८ करोड पाँच लाख ६१ हजार रुपैयाँ रहेकोमा आव २०८०/८१ मा ८५ करोड १७ लाख ८२ हजार रुपैयाँ थपिएको थियो । आर्थिक वर्ष २०८१/८२ मा सातै प्रदेशमा सबैभन्दा बढी बेरुजु मधेश प्रदेश ३.७७ हुँदा सबैभन्दा कम बागमती प्रदेशका ०.८३ प्रतिशत रहेको छ ।

आर्थिक वर्ष २०८०/८१ मा सबैभन्दा बढी बेरुजु मधेश प्रधेश २.१० हुँदा बागमती प्रदेशको ०.८९ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०८०/८१ मा भन्दा आव २०८१/८२ मा बेरुजुरकम घटेपनि नियन्त्रणमा आउन सकेको छैन । वित्तीय अनुशासन कमजोर बन्दै गएकोले कूल बेरुजुरकम बढ्दै गएको हो । गत आर्थिक वर्षमा यस प्रदेशमा कूलखर्च ४६ अर्ब ४० करोड ३३ लाख ११ हजार रुपैयाँभएकोमा प्रदेश स्रोतबाट ७७.०६ प्रतिशत अर्थात् ३५ अर्ब ७५ करोड ८७ लाख १८ हजार रुपैयाँ खर्च भएको महालेखाको प्रतिवेदनमा उल्लेख छ ।

आन्तरिक स्रोतबाट बेहोरिने खर्चमा सातै प्रदेशमध्ये बागमती प्रदेशको सबैभन्दा बढी रहेको छ । आव २०८०/८१ मा प्रदेश स्रोतबाट ७४.३२ प्रतिशत खर्च भएको तथ्यांक छ । गत आर्थिक वर्षमा यस प्रदेशको राजस्व प्राप्ति अनुमान ३४ अर्ब ५८ करोड १५ लाख ९९ हजार रुपैयाँ गरिएकोमा अनुदान बाहेक राजस्व प्राप्ति ८२.३९ प्रतिशत अर्थात २८ अर्ब ४९ करोड एक लाख ७३ हजार रुपैयाँ प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ । यो अघिल्लो आर्थिक वर्षको भन्दा बढी हो ।

बजेट र कार्यक्रम कार्यान्वयनमा प्रदेश सरकार कमजोर देखिएको छ । गत आर्थिक वर्षमा ६४ अर्ब ५४ करोड चार लाख ३१ हजार बजेट रहेकोमा ७१.९० प्रतिशत अर्थात ४६ अर्ब ४० करोड ३३ लाख १० हजार रुपैयाँ खर्च भएको छ । यो खर्च प्रतिशतका आधारमा अघिल्लो आर्थिक वर्षको तुलनामा बढी हो । अघिल्लो आर्थिक वर्षमा ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार बजेट रहेकोमा ७०.९८ प्रतिशत अर्थात ४४ अर्ब ५१ करोड ३२ लाख तीन हजार रुपैयाँ खर्च भएको थियो ।

# सार्वजनिक सेवाप्रवाहमा अपाङ्गता भएका व्यक्तिका समस्याबारे छलफल



साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/ हेटौंडामा सार्वजनिक सेवाप्रवाहका क्रममा अपाङ्गता भएका व्यक्तिले भोगिरहेका समस्या तथा समाधानका उपायबारे छलफल गरिएको छ ।

ट्रान्सपरेन्सी इन्टरनेशनलको आयोजनामा तथा अपाङ्गता उत्थान समाज मकवानपुरको समन्वयमा कार्यक्रम भएको हो । कार्यक्रममा अपाङ्गता भएका व्यक्तिले सरकारी कार्यालय तथा सार्वजनिक संरचनामा सहज पहुँच नहुँदा दैनिक रुपमा विभिन्न कठिनाइ भोग्नुपरेको गुनासो गरेका थिए । सहभागीले सार्वजनिक संरचना अपाङ्गमैत्री बनाउन, सेवा प्रवाहलाई सहज र सम्मानजनक बनाउन तथा स्थानीय तहले विशेष बजेट व्यवस्था गर्नुपर्ने माग राखेका थिए । कार्यक्रममा अपाङ्गता उत्थान समाज मकवानपुरका ठाकुरराम थापाले धेरै संघर्ष र कठिनाइ पारगरेर कार्यक्रमस्थलसम्म आउनुपर्ने अवस्था अझै कायम रहेको बताएका छन् ।

उनले अपाङ्गता भएका व्यक्तिका आवश्यकताअनुसार योजना तथा बजेट निर्माण गर्नुपर्नेमा जोड दिए । कार्यक्रमका प्रमुखअतिथि हेटौंडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष नवीन सिग्देलले वडालाई अपाङ्गमैत्री बनाउने प्रतिबद्धता व्यक्त गरे । जनप्रतिनिधि विभिन्न आरोप र आलोचनाकाबीच पनि निरन्तर काम गरिरहेको बताउँदै उनले ज्येष्ठनागरिक कक्ष निर्माण तथा अपाङ्गमैत्री संरचना निर्माणलाई प्राथमिकतामा राखिने जानकारी दिएका छन् । आगामी आर्थिक वर्षको लागि बजेट निर्माणको तयारी भइरहेका बेला अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, असहाय तथा महिला-जनजातिका विषय कसरी समेट्ने भन्नेबारे सुझाव दिन उनले आग्रह गरे ।

कार्यक्रममा सहभागीले अपाङ्गता भएका व्यक्तिलाई अनुदानको व्यवस्था गर्न, आवश्यक योजना कार्यान्वयन गर्न तथा उपमहानगर पालिकालगायतका सरकारी निकायमा अपाङ्गता तथा अशक्त व्यक्तिको लागि सहयोगी उपलब्ध गराउन माग गरेका थिए ।

हुप्रचौरक्षेत्रको गेट बन्द हुँदा अपाङ्गता भएका व्यक्ति समस्यामा परेकोले गेट बन्द नगर्न आग्रह गरेका छन् । छलफलबाट उठेका सुझाव तथा माग समेटेर बागमती प्रदेशका मन्त्रालय र जिल्ला प्रशासन कार्यालयमा ध्यानाकर्षणपत्र बुझाउने तयारी गरिएको अपाङ्ग उत्थान समाजले जनाएको छ ।

# गृहमन्त्री नियुक्तिमा किन अलमल ?

काठमाडौं/सबैभन्दा संवेदनशील मानिने गृह मन्त्रालय एक महिनादेखि प्रधानमन्त्रीकै भरमा चल्दै आएको छ । सुधन गुरुङले राजीनामा दिएपछि ९ वैशाखदेखि गृह मन्त्रालय सम्हाल्ने छुट्टै मन्त्री छैनन् । प्रधानमन्त्री बालेन शाहकै मातहतमा यो मन्त्रालय चल्दै आएको छ । सुरक्षा तथा कार्य प्रकृतिका हिसाबले सबैभन्दा संवेदनशील मानिएको गृह मन्त्रालय छुट्टै विभागीय मन्त्री नहुँदा यसको प्रत्यक्ष असर सेवा प्रवाहमा परिरहेको हुन्छ ।



गृह मन्त्रालयमार्फत नै देशको सम्पूर्ण शान्ति सुरक्षा तथा त्यसका निम्ति चाहिने नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमनको जिम्मेवारी पर्छ । विशिष्ट व्यक्तिको सुरक्षादेखि महत्वपूर्ण स्थल, संरचना, कूटनीतिक नियोगको सुरक्षा जस्ता विषय पनि गृहसँगै प्रत्यक्ष जोडिएका हुन्छन् । देशको समग्र शान्ति सुरक्षा, सूचना संकलन, आतंकवाद गतिविधिको सूक्ष्म निगरानी र कारबाही, अपराध अनुसन्धान जस्ता गहन विषय गृहसँग जोडिन्छ ।

७७ वटै जिल्ला प्रशासन कार्यालय, करिब ८० हजार जनशक्ति भएको नेपाल प्रहरी, करिब ३८ हजार जनशक्ति भएको सशस्त्र प्रहरी बलको कमान्ड पनि गृह मन्त्रालयसँग जोडिएको हुन्छ । अझ अपराध रोकथाम, नियन्त्रण, अनुसन्धानको काम पनि गृह मातहत नै पर्छ । नागरिकता, हातहतियार, खरखजनाको प्रयोगदेखि नियन्त्रण, नियमनसम्मका विषयहरू पनि गृह मन्त्रालयसँगै जोडिएका हुन्छन् ।

हिरासत, कारागारको सुरक्षादेखि शरणार्थी मामिलाका विषयहरू पनि गृहसँग जोडिएका हुन्छन् । पछिल्लो समय त रोहिंग्या नेपाल प्रवेश गर्न लागेको भन्दै सीमा नाकामा कडाइसमेत गरिएको छ । यस्तो बेलामा विगत एक महिनादेखि देशको सम्पूर्ण शान्ति सुरक्षाको जिम्मा पाएको गृह मन्त्रालय भने छुट्टै विभागीय मन्त्रीविहीन छ ।

कार्य विभाजन नियमावली २०८३ अनुसार गृह मन्त्रालयका ५२ वटा जिम्मेवारी छन् । अन्य मन्त्रालयको जिम्मामा नपरेका काम-कारबाही समेत गृह मन्त्रालयकै भागमा पर्छ । यस्तै, महत्वपूर्ण जिम्मेवारी र क्षेत्राधिकारकै कारण प्रधानमन्त्री पछिको आकर्षणमा गृह मन्त्रालय पर्ने गरेको छ । गृह मन्त्रालयको जिम्मेवारी सम्हाल्न गरिएको लविइङले यसको महत्व र आकर्षणबारे प्रष्ट्याउँछ ।

चुनौती, आकर्षक र शक्तिशाली मानिएको गृह मन्त्रालय एक महिनादेखि छुट्टै विभागीय मन्त्रीविहीन बन्न पुगेको छ । सुरक्षा, प्रशासन, संकट व्यवस्थापनको मुख्य राजनीतिक जिम्मेवारी सम्हाल्ने व्यक्ति नहुँदा आन्तरिक सुरक्षाको राजनीतिक कमान्ड कसले गर्ने भन्ने प्रश्न स्वाभाविक रूपमा उठेको छ ।

कतिपय अपरेसनल कामहरूमा गृहमन्त्रीले तत्कालै निर्देशन दिनुपर्ने अवस्था के गर्ने ? संकट व्यवस्थापनदेखि अपरेसन कामहरूमा जतिबेला पनि गृहमन्त्रीको आवश्यकता पर्न सक्ने, आदेश, निर्देशन दिनुपर्ने हुन्छ । गृहमन्त्रीको यस्तै आवश्यकता नै महसुस गरेर मन्त्रालयमै बेडसहितको सुत्ने व्यवस्थासमेत हुँदै आएको थियो । नक्कली भुटानी शरणार्थी प्रकरणमा यसैगरी अपरेसनल काममा योजना बनाउँदै निर्देशन दिने काम नारायणकाजी श्रेष्ठ गृहमन्त्री हुँदा गरेका थिए ।

उच्चपदस्थमाथिको कारबाहीमा राजनीतिक कमान्ड नहुँदा त्यसको सोझो असर एक्सनमा स्वाभाविक रूपमा पर्छ/पर्दै आएको छ । 'अस्ति गृहमन्त्री हुँदासम्म कति उच्च पदस्थ पक्राउ परे । अहिले गृहमन्त्री नहुँदा को उच्च पदस्थमाथि कारबाही भयो ?,' नेपाल प्रहरीका एक एआईजी भन्छन्, 'हाम्रो प्रहरी आदेश निर्देश बिना आफैं उच्च उपदस्थमाथि कारबाही गर्न अग्रसर हुन्छ भन्ने मलाई लाग्दैन । प्रहरीलाई यस्तो बनाइएको छ कि, पक्राउ पुर्जी नै आए पनि आदेश बिना कोही उच्च पदस्थमाथि कारबाही गर्दैन ।'

उनी प्रश्न गर्छन्, 'प्रहरी नियमावलीले दिएको सरुवाको अधिकार त आफैं लगेर गृह मन्त्रालयमा बुझाएका छन् । मन्त्री नहुँदा सरुवामा कति ढिलाइ भयो ?' यता, गृह मन्त्रालयका पूर्वसचिव चण्डीप्रसाद श्रेष्ठको बुझाइ भने फरक छ । अपरेसनल काम गृहसचिवबाटै चल्ने हुँदा खासै समस्या नरहेको उनी बताउँछन् । 'नीतिगत निर्णयहरूमा गृहमन्त्री नहुँदा समस्या होला । तर गृहमन्त्री नै नभएर ठूलै विपद् भयो, हुन्छ भन्ने मलाई लाग्दैन । मन्त्रालय छुट्याएपछि मन्त्री त स्वाभाविक रूपमा राख्नु परिहाल्यो । मन्त्री नै नराख्ने भन्ने कुरा भएन,' श्रेष्ठले संचारकर्मीसँग भने ।

अहिले मन्त्री नहुँदा गृह मन्त्रालयको काम-कारबाही भने निवर्तमान गृहमन्त्री गुरुङका स्वकीय सचिवदेखि प्रधानमन्त्री बालेनको निर्देशनमा चल्दै आएको छ । सुधन गुरुङले गृहमन्त्रीबाट राजीनामा दिएर बाहिरिए पनि उनका स्वकीय सचिव जेम्स कार्की भने काममै छन् । मनोहरा किनारको सुकुमवासी बस्ती हटाउन त कार्की आफैं पुगेका थिए ।

**सुधनमाथि छानबिन**

सम्पत्ति शुद्धीकरणको कसुरमा पक्राउ परेर अहिले हिरासतमा रहेका व्यवसायी दीपक भट्टसँग साझेदार देखिएपछि तत्कालीन गृहमन्त्री सुधन गुरुङ विवादमा तानिएका थिए । सम्पत्ति विवरण सार्वजनिक गर्दा सेयर लुकाएको, विवादास्पद व्यापारीको कम्पनीमा सेयर देखिएको जस्ता विषय सार्वजनिक भएपछि ९ वैशाखमा गुरुङले प्रधानमन्त्रीसमक्ष राजीनामा बुझाएका थिए ।

राजीनामा दिँदै गुरुङले फेसबुकमा लेखेका थिए, 'पछिल्ला दिनहरूमा नागरिक स्तरबाट सेयर लगायतका विषयमा उठेका प्रश्न, टिप्पणी र जनचासोलाई मैले गम्भीर रूपमा लिएको छु । मेरा लागि पदभन्दा ठूलो नैतिकता हो । जनविश्वासभन्दा ठूलो शक्ति कुनै हुँदैन । मसँग सम्बन्धित विषयमा निष्पक्ष छानबिन होस् ।' छानबिन होस् भन्दै गुरुङले राजीनामा दिएको २० दिनपछि ३१ वैशाखमा सरकारले छानबिन समिति बनाएको छ ।

मन्त्रिपरिषद्को २८ वैशाखको निर्णयअनुसार उच्च अदालतका पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारी अध्यक्ष, महालेखा नियन्त्रक शोभाकान्त पौडेल र सहन्यायाधिवक्ता अच्युतमणि नेउपाने सदस्य रहने गरी समिति गठन भएको छ । समितिलाई १५ दिनको समयसीमा दिइएको छ । एक हप्ताको समय बितिसकेको छ भने सयमसीमा अनुसार अब एक हप्ता बाँकी छ ।

समितिले सत्यतथ्य अध्ययन तथा छानबिन गरी सरकारसमक्ष राय-सुझाव सहित प्रतिवेदन बुझाउने बताइएको छ । अहिले समितिले काम भइरहेको बताएको छ । अहिलेसम्म गृहमन्त्रीमा कसैलाई नपठाउनुले छानबिनबाट सफाइ पाएर फेरि सुधन नै गृह मन्त्रालयमा आउन सक्ने सम्भावनाको पनि आकलन भइरहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# भारततर्फ चिया निर्यातको अवरोध हट्यो, अब हरेक ट्रकको परीक्षण गर्नु नपर्ने

काठमाडौं/विगत तीन सातादेखि नेपालबाट भारततर्फ हुने चिया निर्यातमा देखिएको अवरोध हटेको छ । भारतको वाणिज्य तथा उद्योग मन्त्रालय मातहत रहेको 'टी बोर्ड अफ इन्डिया' ले चियामा गर्दै आएको अनिवार्य परीक्षण (कम्पल्सरी स्याम्पलिङ) को व्यवस्थालाई फिर्ता लिएपछि नेपाली चियाको निकासी पुन: सहज भएको हो ।

भारतीय टी बोर्डले मंगलबार राति आफ्नो निर्णयमा संशोधन गर्दै नयाँ सूचना (कोरिजेन्डम-२) जारी गरेपछि नेपाली चिया व्यवसायीहरूले राहत महसुस गरेका छन् । भारतीय खाद्य सुरक्षा र मानक प्राधिकरण (एफएसएसएआई), भन्सार विभाग र चिया बोर्डका अधिकारीहरूबीच भएको संयुक्त बैठकको निर्णयअनुसार जारी गरिएको यस नयाँ व्यवस्थासँगै भारततर्फ रोकिएको नेपाली चियाको निर्यात बुधबारदेखि पूर्ववत् रूपमै सञ्चालन हुने बाटो खुलेको हो ।

परराष्ट्र मन्त्रालय तथा भारतस्थित नेपाली दूतावासको पहलमा चिया निर्यातमा देखिएको समस्या समाधान भएको भारतका लागि नेपाली कार्यवाहक राजदूत डा. सुरेन्द्र थापाले जानकारी दिए । 'हाम्रो सक्रिय पहल तथा भारत सरकारको सकारात्मक सहयोगका कारण यो समस्या समाधान भएको छ,' उनले संचारकर्मीसँग बताए ।

टी बोर्डले जारी गरेको संशोधित मापदण्डअनुसार अब भारतको आन्तरिक बजारमा खपत हुने र त्यहाँबाट तेस्रो मुलुकमा पुन: निर्यात (रि-एक्सपोर्ट) हुने चियाका लागि छुट्टाछुट्टै परीक्षण नियमहरू लागु हुनेछन् । एफएसएसएआईबाट अर्को औपचारिक स्पष्टीकरण वा निर्देशन नआएसम्मका लागि आन्तरिक खपतका लागि जाने चियामा टी बोर्डले कुनै परीक्षण गर्ने छैन ।

यद्यपि, भन्सार कार्यालय वा एफएसएसएआईले एकल निकायको रूपमा आफ्नो जोखिम व्यवस्थापन प्रणालीअनुसार छड्के (र्‍यान्डम) नमुना मात्र संकलन गरी जाँच गर्न सक्नेछन् । यसको सीधा अर्थ हो, अब नेपालबाट भारतको आन्तरिक बजारका लागि जाने चिया बोकेका प्रत्येक ट्रकको नाकामा रोकेर अनिवार्य जाँच गरिरहनु पर्ने बाध्यता हटेको छ । तर, नेपालबाट चिया खरिद गरी आकर्षक प्याकेजिङ र ब्रान्डिङसहित तेस्रो मुलुकमा निर्यात गर्ने भारतीय व्यवसायीहरूको हकमा भने नियम कडा नै राखिएको छ ।

भारतमा आयात भएर पुन: निर्यात हुने चियाको कन्साइनमेन्टमा भने बोर्डको १० फेब्रुअरी २०२६ को स्ट्यान्डर्ड अपरेटिङ प्रोसिड्युर (एसओपी) अनुसार गुणस्तर सुनिश्चित गर्न अनिवार्य रूपमै परीक्षण गरिने सूचनामा स्पष्ट पारिएको छ ।

यसका अतिरिक्त, टी बोर्डले चिया परीक्षणको नतिजा आउने समयसीमामा पनि कटौती गरेर व्यापार सहजीकरण गरेको छ । यसअघि ल्याबबाट परीक्षण रिपोर्ट आउन कम्तीमा १५ दिनसम्म लाग्ने गरेकोमा अब सम्बन्धित प्रयोगशालाले चियाको नमुना प्राप्त गरेको मितिले ५ दिनभित्रै परीक्षण प्रतिवेदन अनिवार्य रूपमा अनलाइन अपलोड गरिसक्नु पर्नेछ । भारतको यो पछिल्लो लचकताले नेपाली चिया उद्योगमा उत्साह थपेको छ ।

नेपाल चिया उत्पादक संघका वरिष्ठ उपाध्यक्ष शिवकुमार गुप्ताले यसअघि भारतले चिया निर्यातमा अनिवार्य नमुना परीक्षण (म्यान्डेटरी स्याम्पलिङ) गर्नुपर्ने नियमलाई भारतले अहिले पूर्णरूपमा फिर्ता लिएको र निर्यातको बाटो खुला भएको जानकारी दिए ।

*(स्रोत: अनलाइनखबर)*

# मनहरी गाउँपालिकाद्वारा कम गुणस्तरका प्लास्टिक झोलामा पूर्ण प्रतिबन्ध

साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/पश्चिम मकवानपुरस्थित मनहरी गाउँपालिकाले कम गुणस्तरका प्लास्टिक झोलाको प्रयोगमा पूर्णप्रतिबन्ध लगाएको छ ।




गाउँपालिकाले सूचना जारी गर्दै वातावरणीय प्रदूषण नियन्त्रण तथा फोहोर व्यवस्थापनलाई प्रभावकारी बनाउन ४० माइक्रोन भन्दा कम मोटाइका प्लास्टिक झोलाको आयात, बिक्रीवितरण तथा प्रयोगमा रोक लगाएको जनाएको हो ।

गाउँपालिकाले 'प्लास्टिक झोला नियमन तथा नियन्त्रण निर्देशिका, २०८२' अनुसार पालिकाक्षेत्रभित्र यो व्यवस्था लागू गरिएको स्पष्ट पारेको छ । अबदेखि बजारमा ४० माइक्रोन वा सोभन्दा बढी मोटाइका प्लास्टिक झोला तथा कपडा वा जुटका झोला मात्र प्रयोग गर्न आग्रह गरिएको छ ।

गाउँपालिका प्रमुख प्रशासकीयअधिकृत रमेश सुबेदीद्वारा जारी सूचनामा प्रत्येक घर तथा व्यवसायबाट निस्कने कुहिने र नकुहिने फोहोर अनिवार्यरुपमा छुट्याएर मात्रै संकलन गाडीमा पठाउनुपर्ने उल्लेख गरिएको छ । सूचनामा नियम उल्लंघन गर्दै कम गुणस्तरका प्लास्टिक झोला प्रयोग गरेमा वा फोहोर वर्गीकरण नगरेमा सम्बन्धित सामग्री जफत गरिनुका साथै कानुनी कारबाही र जरिबाना गरिने चेतावनी दिइएको छ । गाउँपालिकाले वातावरण संरक्षण, स्वच्छ बजार तथा दिगो फोहोर व्यवस्थापनका लागि सबै नागरिक, व्यवसायी तथा सरोकारवालालाई सहयोग गर्न अनुरोध गरेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

भर्ना खुल्यो! भर्ना खुल्यो !
3 YEARS
HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, RADIOGRAPHY
SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त ३० वर्ष देखि संचालित यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८३/०८४ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।
भर्ना हुने कार्यक्रमहरु
PCL General Medicine (HA)
PCL Lab Technology
PCL Radiography
PCL Physiotherapy
CTEVT को प्रवेश परिक्षा उत्तीर्ण विद्यार्थीहरु यस इन्ष्टिच्यूट मा भर्ना हुन सक्ने छन
फारम वितरण मिति: २०८३/०१/२९ गते मंगलबार देखि
फारम बुझाउने अन्तिम मिति: २०८३/०२/१३ गते बुधबार बेलुका ४:३० सम्म
मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौंडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

### भीमफेदीबाट सिस्नेरी पुग्ने वैकल्पिक सडक बिस्तार

# बागमती प्रदेश सरकारको चासो

साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/बागमती प्रदेशको राजधानी हेटौंडालाई संघीय राजधानी काठमाडौंसँग जोड्ने मार्गअन्तर्गत् भीमफेदी-देउराली-सिस्नेरी सडकखण्डको विकल्पकारुपमा 'भीमफेदी-कोगटे-इपा-सिस्नेरी' खण्ड विस्तार गर्न प्रदेश सरकारले चासो देखाएको छ ।



बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री डा.दिनेशचन्द्र देवकोटाले प्राविधिक टोलीसहित प्रस्तावित सडक खण्डको स्थलगत निरीक्षण गरेका छन् । भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाको निमन्त्रणामा मन्त्री डा. देवकोटा, यातायात पूर्वाधार निर्देशनालयका निर्देशक नवीनकुमार सिंह र पूर्वाधार विकास कार्यालय मकवानपुरका प्रमुख सुजन भण्डारीसहितको टोलीले वैकल्पिक सडकको सम्भाव्यता अध्ययन तथा अनुगमन गरेको हो । अनुगमनका क्रममा मन्त्री डा. देवकोटाले त्यहाँको भौगोलिक अवस्था, हरित उद्यमशीलता, पकेटक्षेत्र विस्तार र पर्यटकीय सम्भाव्यता बारे जानकारी लिएका थिए ।

यो सडक निर्माण हुँदा भीमफेदी गाउँपालिकाको कोगटे, इपालगायत क्षेत्रका स्थानीयको जीवनयापन सहज हुनुका साथै भीमफेदीबाट सिस्नेरी आवतजावत गर्न यो एक प्रभावकारी वैकल्पिक मार्ग बन्नसक्ने उनले बताए । यो सडक विस्तार गर्न प्रदेश सरकार सकारात्मक रहेको बताउँदै उनले यसलाई भौतिक पूर्वाधार विकासमा मात्र सीमित नराखी स्थानीयको आयआर्जन र हरित उद्यमशीलताका लागि पकेटक्षेत्र बनाएर काम गर्नुपर्नेमा जोड दिए । 'सडक बनाएर सहरको सामान मात्र गाउँ ल्याउने परिपाटी अन्त्य गर्नुपर्छ । गाडीले बजारबाट जंक फुड मात्र ल्याउने होइन, गाउँबाट फर्किंदा ग्रामीण कृषि उत्पादनले भरिनु आवश्यक छ,' मन्त्री देवकोटाले भने, 'पालिकाले साझेदारी मोडलमा कृषि र पर्यटनमा आधारित उद्यमशीलताका कार्यक्रम सञ्चालन गर्न कृषि तथा पर्यटन मन्त्रालयसँग समन्वय गर्नुपर्छ ।'

उच्चपहाडी भेगामा अवस्थित कोगटेको पानीले तल्लोतटीय क्षेत्र इपा सिञ्चित छ । यहाँको उर्वर भूमिमा तरकारी खेतीको प्रचुर सम्भावना छ । प्राकृतिक छटाले भरिपूर्ण इपा खोलाका दह पौडी पारखीका लागि आकर्षणको केन्द्र बनेका छन् । त्यहाँ नुहाउन दैनिक ५०० देखि ७०० सय पौडीपारखी आउने गरेका छन् । हेटौंडामा उखरमाउलो गर्मी हुँदा कोगटेमा लाग्ने चिसो कुहिरोले पर्यटकलाई लोभ्याउँछ भने मौसम खुल्दा देखिने हिमशृंखला र तराईका फाँटले पर्यटकलाई मन्त्रमुग्ध बनाउँछन् । लालीगुराँस फूल्दा वन सजिन्छ अनि काफलले मुख मिठ्याउँछ ।

यसका अतिरिक्त, यहाँ पातमात्रै प्रतिकिलो ३ सयदेखि ४ सय रुपैयाँसम्ममा बिक्री हुने 'सिल्भर डलर'को खेती हुनेगर्छ । विगत ३ वर्षदेखि सुरु भएको सिल्भर डलर खेतीले उत्पादन दिन थालिसकेको छ । स्थानीय कृषक बसुचुनी मगरले चालु आर्थिक वर्षमा सिल्भर डलरको पात प्रतिकिलो ३ सय रुपैयाँका दरले बिक्री गरेकी थिइन् ।

#### प्राविधिकरूपमा उपयुक्त र सुरक्षित विकल्प

विगतमा जिल्ला विकास समिति र साविकका गाविसले ट्र्याक खोलेको यो सडकमा पुनर्निर्माण प्राधिकरणले आवश्यक स्थानमा पक्की पुल निर्माण गरिसकेको छ । 'यो सडक प्राविधिकरुपमा पनि अत्यन्तै सम्भाव्य रहेको प्राविधिक प्रतिवेदनले देखाएको छ,' अध्यक्ष लामाले भने, 'यसलाई प्रादेशिक सडककारुपमा प्रदेश सरकारले अपनत्व लिएर स्तरोन्नति गर्नुपर्छ भन्ने हाम्रो माग हो ।'

प्रस्तावित मार्गको लम्बाइ करिब ३० किलोमिटर रहेको छ । जसमध्ये ९ किलोमिटर खण्ड कालोपत्रे भइसकेको छ भने आवश्यक तीनमध्ये दुईवटा पुलको निर्माण सम्पन्न भइसकेको छ । अब डोढारे खोलाको पुल बन्न मात्र बाँकी छ । यो हालको सडकभन्दा करिब २ किलोमिटर लामो भएपनि बढी स्थिर र कम जोखिमपूर्ण रहेको दाबी गरिएको छ । देउरालीको घुम्ती र त्यहाँ हुने ट्राफिक जामको अन्त्यका लागि यो सडक कोसेढुंगा सावित हुने अध्यक्ष लामा बताउँछन् । करिब ५० करोड रुपैयाँ लगानी गरेमा यो सडक पूर्णरुपमा व्यवस्थित हुने अनुमान गाउँपालिकाको छ । यस सडकको निर्माणले भीमफेदीको माथिल्लो भेग तथा साविकका इपा र कोगटे गाविसका बासिन्दालाई प्रत्यक्ष फाइदा पुग्नेछ ।

विशेषगरी यहाँ उत्पादित कृषिउपजलाई हेटौंडा र काठमाडौंका बजारसम्म पुर्‍याउन सहज पहुँच हुने अध्यक्ष लामाले बताए । 'प्रदेश सरकारका मन्त्री र सम्बन्धित निकायका प्रमुखहरु यो सडकको विकासमा सकारात्मक हुनुहुन्छ,' लामाले थपे, 'आगामी आर्थिक वर्षको बजेटमा यसलाई बहुवर्षीय खरिद प्रक्रियामार्फत् निर्माणमा लैजानेमा हामी विश्वस्त छौं ।'

मन्त्री देवकोटाको स्थलगतनिरीक्षण र सकारात्मक प्रतिबद्धतापछि यो वैकल्पिक मार्ग निर्माणले आगामी आर्थिक वर्षदेखि नै गति लिनेमा स्थानीय बासिन्दा आशावादी छन् ।

## गढी गाउँपालिकाबाटै अब करसम्बन्धी सेवाप्रवाह

साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/ राणाकालीन समयको अन्त्यतिर मकवानपुरगढीमा जिल्लाभरिका मानिसहरु मालपोत कर बुझाउनका लागि धाउने गरेका थिए । पञ्चायती ब्यवस्थाको सुरुवातताकासम्म जिल्लाबासीले मकवानपुरगढीमै कर दाखिला गर्दै आएका थिए ।



मुलुक संघीयतामा गएपछि मकवानपुरगढी गाउँपालिकाबाटै अब करसम्बन्धी सेवाप्रवाह हुने भएको छ । गाउँपालिका र आन्तरिक राजस्व कार्यालय हेटौंडाबीच स्थानीय तहबाटै करदाता सेवाप्रवाह गर्ने सम्बन्धमा समझदारीपत्र (एमओयू) मा हस्ताक्षर भएसँगै पालिकाबाटै सेवाप्रवाह हुने भएको हो । करदातालाई सहज, छिटो तथा पहुँचयुक्त सेवा उपलब्ध गराउने उद्देश्यसहित गरिएको सम्झौतापत्रमा आन्तरिक राजस्व कार्यालय हेटौंडाका प्रमुख करअधिकृत युक्तप्रसाद सुवेदी र मकवानपुरगढी गाउँपालिका प्रमुख प्रशासकीयअधिकृत सुधन लामिछानेले हस्ताक्षर गरेका हुन् ।

सम्झौता कार्यक्रममा गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तान, उपाध्यक्ष मानकुमारी पाखिनलगायतको उपस्थिति रहेको थियो । सम्झौताअनुसार अब मकवानपुरगढी गाउँपालिकाबाटै व्यक्तिगत तथा व्यावसायिक स्थायीलेखा नम्बर (प्यान) दर्ता, मूल्य अभिवृद्धिकर (भ्याट) दर्ता, करचुक्ता प्रमाणपत्र जारी, अन्त:शुल्क दर्ता तथा इजाजतपत्र नवीकरणलगायतका आधारभूत कर दातासेवा उपलब्ध हुने भएको छ । यसअघि सामान्य करसम्बन्धी सेवा लिन सेवाग्राही हेटौंडास्थित आन्तरिक राजस्व कार्यालय पुग्नुपर्ने अवस्था रहेको थियो ।

अब स्थानीय तहबाटै सेवा प्राप्त हुने भएपछि नागरिकलाई समय र खर्च दुवै बचत हुने अपेक्षा गरिएको छ । प्रमुख करअधिकृत सुवेदीले संघीय सरकारको करसेवा पहुँच विस्तार नीतिअनुसार स्थानीय तहसँग सहकार्य गर्दै सेवा विस्तार गरिएको बताए । उनकाअनुसार आगामी दिनमा मकवानपुरका सबै स्थानीय तहबाट यस्ता सेवा सञ्चालन गर्ने तयारी गरिएको छ । गाउँपालिका अध्यक्ष स्याङ्तानले स्थानीय तहबाटै करसेवा सुरुहुनु नागरिकका लागि सकारात्मक कदम भएको उल्लेख गर्दै सेवाप्रवाहलाई प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यक सहकार्य गर्ने बताए ।

# 'संघीयता युवा संवाद': युवामाझ संघीय शासनबारे बहस

साझाकुरा संवाददाता

हेटौंडा, ६ जेठ/संघीय शासनप्रणाली, अन्तरसरकारी सम्बन्ध, समावेशी शासन तथा वित्तीय संघीयताबारे युवाको साझा बुझाइ विकास गर्ने उद्देश्यले 'संघीयता युवा संवाद' कार्यक्रम विराटनगरमा भएको छ ।

प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (पीएलजीएसपी/यूएनडीपी) र फेडरलिज्म तथा लोकलाइजेशन सेन्टरको सहकार्यमा आयोजित कार्यक्रममा कोशी प्रदेशका विभिन्न जिल्लाबाट आएका ४५ भन्दा बढी युवा, विद्यार्थी, सामाजिक अभियन्ता तथा नागरिक समाजका प्रतिनिधिको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा सहभागीले संघीयता कार्यान्वयन, समावेशी लोकतन्त्र, सरकारका तहबीचको अन्तरसम्बन्ध, युवाको भूमिका तथा सहभागितामूलक शासन प्रणालीका विविधपक्षमा गहन छलफल गरेका थिए । विशेषगरी जेडिइडीएसआई अर्थात् लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणका विषयलाई केन्द्रमा राखेर विभिन्न अन्तरक्रियात्मक सत्र सञ्चालन गरिएको थियो ।

समूहगत अभ्यास, भूमिका निर्वाह तथा खुला संवादमार्फत् संघीय शासनप्रणालीको व्यवहारिक कार्यान्वयन, प्रदेश र स्थानीय तहको जिम्मेवारी तथा नीति निर्माणप्रक्रियामा युवाको अर्थपूर्ण सहभागिताबारे बहस भएको थियो । सहभागीले प्रतिनिधित्वमात्र पर्याप्त नभई वास्तविक समावेशिता सुनिश्चित गर्न राज्यका सबै तह अझ जिम्मेवार बन्नुपर्ने धारणा व्यक्त गरेका थिए । सामाजिक, भाषिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्दै समावेशी, उत्तरदायी र प्रभावकारी शासन प्रणाली सुदृढ गर्नुपर्ने आवश्यकतामा जोड दिइएको थियो । महिला, दलित, मुस्लिम, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायको सहभागिता व्यवहारमै सुनिश्चित गर्नुपर्ने विषयमा साझा प्रतिबद्धता व्यक्त गरिएको आयोजकले जनाएको छ ।

कार्यक्रमअन्तर्गत सञ्चालन गरिएका विषयगत सत्रमा 'संघीयता बुझाइ' शीर्षकमा डा. खिमलाल देवकोटाले संघीयताको आधारभूत अवधारणा, सिद्धान्त र संरचनाबारे सहजीकरण गरेका थिए । 'बजेट अनुकरण: व्यवहारमा वित्तीय संघीयता' सत्रमा स्रोत बाँडफाँट, अनुदानप्रणाली तथा वित्तीय संघीयताको व्यवहारिक अभ्यास गराइएको थियो । 'जिम्मेवारी नक्सांकन प्रयोगशाला' सत्रमा संघ, प्रदेश र स्थानीय तहबीचको कार्यगत जिम्मेवारीबारे छलफल गरिएको थियो, जसको सहजीकरण संविधान सभा सदस्य प्रह्लाद लामिछानेले गरेका थिए । 'अन्तरसरकारी परिषद् अभ्यास' सत्रमा अन्तरसरकारी समन्वय तथा निर्णय प्रक्रियाको व्यवहारिक अभ्यास गराइएको थियो ।


'समावेशिता र संघीयता: प्रतिनिधित्वभन्दा पर' सत्रमा प्रतिनिधित्व र वास्तविक सशक्तिकरणबीचको अन्तरबारे विश्लेषण गरिएको थियो । यो सत्रमा प्रकाश पन्थले सहजीकरण गरेका थिए । 'युवा उत्तरदायित्व नवप्रवर्तन प्रयोगशाला' सत्रमा युवा नेतृत्वमा आधारित शासन सुधारका व्यवहारिक उपायबारे छलफल गरिएको थियो, जसको सहजीकरण मोहम्मद आयुबले गरे । कार्यक्रमको अन्तिम सत्र 'प्रदेश युवा संघीयता घोषणापत्र'मा सहभागीले सम्पूर्ण सिकाइलाई समेट्दै प्रदेशस्तरीय युवा संघीयता घोषणापत्र तयार गरेका थिए । यो सत्रको सहजीकरण कृष्णकुमार साहले गरे ।

कार्यक्रममा कोशी प्रदेश सभाका सदस्य, नेपाल सरकार तथा कोशी प्रदेश सरकारका अधिकारी, यूएनडीपीका प्रतिनिधि तथा विभिन्न विकास साझेदार संस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो । आयोजक एफएलसीका अनुसार 'संघीयता युवा संवाद' श्रृंखलाअन्तर्गत यसअघि जनकपुरमा कार्यक्रम सम्पन्न भइसकेको छ भने आगामी दिनमा अन्य प्रदेशमा पनि यस्ता कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।













साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना